प्रतिदिन १८औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ । । अङ्क : ००४ ॥ २०८२ माघ २० गते मंगलबार (3rd Feb 2026 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-


# झापामा माघको १९ दिनभित्र सवारी दुर्घटनामा १४ जनाको मृत्यु

झापा, माघ १९ । झापामा सवारी दुर्घटनाबाट मानवीय क्षति हुने क्रम निकै बढेको छ । माघ महिनाको १९ दिनभित्र सवारी दुर्घटनामा परी १४ जनाले ज्यान गुमाएका छन् । माघ १ गते एकैदिन तीनजनाले ज्यान गुमाएका थिए भने त्यसयता प्राय दिनहुँ दुर्घटनामा ज्यान जाने गरेको छ ।

यसक्रममा गौरादहमा बेहुली लिएर फर्किंदै गरेको जन्तीको ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने ८ जना घाइते भएका छन् । सोमवार साँझ ७:२० बजे गौरादह ४ रामचन्द्रे खोलाको पुलस्थित भित्री पक्की सडकखण्डमा गौरादहबाट स्कुलचनतर्फ जाँदै गरेको प्र.न.१-०१-००१ त.९७२० नम्बरको ट्र्याक्टर आफै अनियन्त्रित भई पुलबाट खोलामा झरेको हो । दुर्घटनामा मोरङ रतुवामाई ८ बस्ने बर्ष ३८ की स्वस्तिका मर्डीको मृत्यु भएको हो । उनको उपचारको क्रममा निम्स अस्पताल दमकमा मृत्यु भएको हो ।

त्यस्तै झापा गाउँपालिका वडा न.२ सडकबारीस्थित हुलाकी सडकखण्डमा मोटरसाइकलको ठक्करबाट घाइते साइकलयात्रीको मृत्यु भएको छ ।

पुष १६ गते दिउँसो ४;३५ बजे झापा गाउँपालिका वडा न.२ सडकबारीस्थित हुलाकी सडकखण्डमा गौरीगंजबाट झापा बजारतर्फ आउँदै गरेको प्र १-०२-०५४ प ९३९३ नं.को मोटरसाइकलले विपरित दिशाबाट जाँदै गरेको साइकलयात्री झापा गाउँपालिका वडा नं.२ सडकबारी बस्ने ७१ वर्षीय गणेशकुमार भण्डारीलाई ठक्कर दिएको थियो ।



दुर्घटनामा साइकलयात्री भण्डारी , मोटसाइकल चालक बिराटनगर १४ बस्ने २८ वर्षीय हेमन्तकुमार साह र पछाडी सवार २६ वर्षीय धिरजकुमार साह घाइते भएका थिए ।तीनै जनालाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो ।साइकलयात्री गणेशकुमार भण्डारीको उपचारको क्रममा सोमवार विहान ७.१५ बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।मोटरसाइकल र मोटरसाइकल चालक साहलाई प्रहरी नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै आइतवार साँझ भद्रपुरमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भद्रपुर नगरपालिका २ निवासी ६४ वर्षीय कुलप्रसाद खरेल रहेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार साँझ ६:२० बजे मेची राजमार्गअन्तर्गत भद्रपुर- बनियानी सडकखण्डको भद्रपुर-२ स्थित सगरमाथा चोकमा बनियानीबाट भद्रपुरतर्फ आइरहेको मे ७ प २०३४ नम्बरको मोटरसाइकलले पैदलयात्री खरेललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा परी घाइते भएका खरेललाई उपचारको लागि ओमसाई पाथीभरा अस्पताल पुऱ्याउँदा डाक्टरले मृत घोषणा गरेका थिए । त्यस्तै दुर्घटनामा मोटरसाइकल चालक भद्रपुर-६ निवासी २१ वर्षीय अनुराग घोषको अनुहारमा चोट लागेकोले गम्भीर अवस्थामा प्रादेशिक अस्पताल भद्रपुरमा पुऱ्याएको र त्यहाँ सामान्य उपचारपश्चात् थप उपचारको लागि ओमसाई पाथीभरा अस्पताल भद्रपुर रेफर गरिएको प्रहरीले जनाएको छ । मोटरसाइकलको पछाडि सवार भद्रपुर-६ निवासी २१ वर्षीय मन्दिप दंगालको अवस्था सामान्य रहेको छ । मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

त्यसको अघिल्लो राति बिर्तामोडमा भएको स्कुटी दुर्घटनामा चालकको मृत्यु भएको छ ।

राति ८;२५ बजे बिर्तामोड वडा न.७ खोपवारीस्थित भित्री पक्की सडकखण्डमा प्याकुरेल चौकबाट बुट्टावारीतर्फ जाँदै गरेको प्र.१-०१-०१३ प.९१९९ न.को स्कुटी आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको हो । दुर्घटनामा स्कुटी चालक बिर्तामोड वडा न.७ बस्ने ३५ वर्षीय सुभाष मादेन गंभीर घाइते भएका थिए ।

टाउकोमा चोट लागेका घाइते मादेनलाई उपचारको लागि बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा ल्याई डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । त्यसको अघिल्लो राति मेची पुलको ब्यारीकेटमा मोटरसाइकल ठोक्किदा एकजनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् ।

राति १० बजे मेचीनगर ६ स्थित मेची पुलमा भारतबाट नेपालतर्फ आउँदै गरेको प्र.१-०१-०१२ प ३८४९ न.को मोटरसाइकल सडकमा राखिएको ब्यारीकेटमा ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर ६ बस्ने ३५ वर्षीय काशीनाथ पौडेल र पछाडि सवार सोही ठाउँ बस्ने ४० वर्षीय चेतन कट्वाल घाइते भएका थिए । शरीरमा चोट लागेर गम्भीर घाइते भएका कट्वाललाई आम्दा अस्पताल धुलाबारी पठाएकोमा राति डाक्टरले मृत घोषणा गरेका छन् । घाइते मोटरसाइकल चालक पौडेललाई थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको प्रहरीले जनाएको छ ।

❖ बाँकी पृष्ठ ४ मा

## जन्तीको ट्र्याक्टर दुर्घटना हुँदा एकको मृत्यु , ८ घाइते

झापा, माघ १९ । गौरादहमा बेहुली लिएर फर्किंदै गरेको जन्तीको ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने ८ जना घाइते भएका छन् । सोमवार साँझ ७:२० बजे गौरादह ४ रामचन्द्रे खोलाको पुलस्थित भित्री पक्की सडकखण्डमा गौरादहबाट स्कुलचौनतर्फ जाँदै गरेको प्र.न.१-०१-००१ त.९७२० नम्बरको ट्र्याक्टर आफै अनियन्त्रित भई पुलबाट खोलामा झरेको हो । दुर्घटनामा मोरङ रतुवामाई ८ बस्ने बर्ष ३८ की स्वस्तिका मर्डीको मृत्यु भएको हो । उनको उपचारको क्रममा निम्स अस्पताल दमकमा मृत्यु भएको हो । मृतकको लाश सोही अस्पतालमा रहेको छ । दुर्घटनामा घाइते हुनेहरु यसप्रकार छन् ।

१) मोरङ रतुवामाई -८ बस्ने बर्ष ५० की मुनीमती सतार- टाउकोमा चिउँडोमा चोट बोल्न सक्ने मध्यम निम्स अस्पतालमा उपचार हुँदै ।

३)ऐ.ऐ.-५ बस्ने बर्ष १५ की सन्तोषी किस्कु- बायाँ घुँडामा चोट अवस्था सामान्य-

४)ऐ.ऐ. -५ बस्ने बर्ष ६० को एतोबार मुर्मु- बाहिरी चोट नदेखिएको भित्री शरीर दुखेको-

५)ऐ.ऐ. -८ बस्ने बर्ष २३ की बिनिता मर्डी- हात खुट्टामा सामान्य चोट-

६)ऐ.ऐ.-५ बस्ने बर्ष २० की सरिता मर्डी- हात खुट्टामा सामान्य चोट

७)निजकै छोरा बर्ष ३ का गंगाराम मर्डी- बाहिरी चोट नदेखिएको भित्री शरीर दुखेको अवस्था सामान्य

८)ऐ.ऐ.-५ बस्ने पुजा मर्डीकी छोरी बर्ष ८ की मेलिना मर्डी- हात खुट्टामा सामान्य चोट

९)जिल्ला मोरङ सुनबर्षी नपा-२ बस्ने बर्ष ३० की शिला मर्डी- हात खुट्टामा सामान्य चोट

ट्र्याक्टर चालक मोरङ रतुवामाई न.पा. ५ बस्ने बर्ष २५ का चमलाल मुर्मुलाई नियन्त्रणमा लिई प्रहरी चौकी महारानीझोडामा राखिएको छ ।

## नक्कली सुन दिएर ठगी गर्ने पेशेवर ठग पक्राउ

झापा, माघ १९ । नक्कली सुन दिएर ठगी गर्दै आएका एक पेशेवर ठग झापामा पक्राउ परेका छन् ।



पक्राउ पर्नेमा उदयपुर चौदण्डीगढी नगरपालिका वडा न.३ बस्ने ४३ वर्षीय जितबहादुर बिक रहेका छन् । माघ १५ गते साँझ ५.३० बजे भद्रपुर बजारमा रहेको भोजपुर ज्वेलर्समा बिकले सुन जस्तो देखिने पहेलो धातु (नक्कली सुन) धरौटी राख्न खोजेर ठगी गर्न खोजेका थिए ।

सुन पसलले शंका लागेर वडा प्रहरी कार्यालय भद्रपुरमा जानकारी गराउनसाथ प्रहरी टोली आएर उनलाई नियन्त्रणमा लिएको हो । थप अनुसन्धानको लागि उनलाई जिल्ला प्रहरी कार्यालय झापामा ल्याइएको छ । मुलुकी अपराध संहिता २०७४को ठगी कसुरमा ५ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनले यसअघि पनि बिर्तामोडलगायतका क्षेत्रका सुन पसलहरुमा 'सक्कली गहना हो , आफूलाई इमेरजेन्सी परेकोले बन्दगी राख्न लागेको' भन्दै नगद लिइ ठगी गरेको खुल्न आएको छ । उनको साथबाट नक्कली गहनाहरु बरामद भएको डीएसपी खड्काले जानकारी दिएका छन् ।

## बिर्तामोडका म्यानपावरमा छापा



झापा । जिल्ला प्रशासन कार्यालय झापाले बिर्तामोडस्थित म्यानपावरमा छापा मारेर गरेर ९ वटा पासपोर्ट जफत गरेको छ ।

वैदेशिक रोजगारीको सेवा प्रवाह गर्ने नाममा युवाहरुलाई ठग्ने गरेको र कानुनी प्रक्रिया नपुऱ्याई काम गर्ने आरोप लागेका म्यानपावरमाथि जिल्ला प्रशासन कार्यालयसहित श्रम कार्यालय भद्रपुरले अनुगमन गरेको हो ।

बिर्तामोडमा चन्द्रप्रसाद पौडेलले सञ्चालन गरेको लुम्बिनी दर्शन, भीम बिष्टले सञ्चालन गरेको स्क्यान मेनपावर र बिरेन्द्र थापाले सञ्चालन गरेको अलमाईटी इन्टरनेशनल म्यानपावरको शाखा कार्यालयमा अनुगमन गरिएको हो ।

झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईको नेतृत्वमा सोमबार यी तीनवटा म्यानपावर शाखाको अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय झापाका नायव सुब्बा यदुनन्दन दाहालले जानकारी दिए । उनले अलमाईटी इन्टरनेशनल म्यानपावरको शाखा कार्यालयबाट ९ वटा पासपोर्ट जफत गरिएको उनले जानकारी दिए ।

यी म्यानपावरले शाखा नवीकरण नगरेको जनाउंदै नवीकरण गरेको प्रमाण पेश गर्न भनिएको जनाइएको छ । नवीकरण नगरि वैदेशिक रोजगारीमा पठाउन नमिल्ने प्रावधान भए पनि यीसहित अन्य म्यानपावरले आफूखुसी काम गर्दै आएको जनाइएको छ । अनुगमनमा सहायक प्रमुख जिल्ला अधिकारी प्रसाईसहित श्रम कार्यालय भद्रपुरका प्रमुख सुलभ श्रेष्ठ र इलाका प्रहरी कार्यालय बिर्तामोडको प्रहरी टोली म्यानपावर कार्यालयमा पुगेका थिए ।

## कोशी पाथीभरा इण्डो नेपाल टि-२० क्रिकेटको तयारी पूरा

भद्रपुर । यही माघ २१ गतेबाट सञ्चालन हुने कोशी पाथीभरा इण्डो नेपाल टि-२० च्याम्पियनसीप क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको छ ।भद्रपुर क्रिकेट क्लबको आयोजनामा माघ २१ गतेदेखि २९ गतेसम्म भद्रपुर-८ स्थित मेची क्याम्पसको क्रिकेट मैदानमा सञ्चालन हुन गइरहेको क्रिकेट प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जानकारी दिएको हो ।

लिग ढाँचामा सञ्चालन हुने प्रतियोगितामा नेपाल तथा भारतका आठ वटा टिमको सहभागिता रहने प्रतियोगिता सञ्चालन समिति संयोजक गौरब सुब्बा (मनोज) ले जानकारी दिएका छन् । "नेपाल-भारत बीचको खेलकुदको माध्यमबाट आपसी सम्बन्ध सुधार गर्दै सांस्कृतिक सहकार्यलाई थप मजबुत बनाउने विश्वास लिइएको छ", भन्दै सुब्बाले भने, "प्रतियोगिताको मुख्य उद्देश्य भद्रपुर र झापालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट संसारमा स्थापित गरेर स्थानीय खेलाडीलाई अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धा अनुभव आदान-प्रदान गर्नु हो ।"

मैदान व्यवस्थापन, पिचको स्तरीकरण, खेल तालिका, सुरक्षा व्यवस्था, अम्पायरिङ्ग, स्वास्थ्य सेवा खेलाडीहरुको आवास तथा यातायात व्यवस्थापन लगायत खेलका लागि

❖ बाँकी पृष्ठ ३ मा

## रुखबाट लडेर बिर्तामोडमा एक युवक घाइते



झापा, माघ १९ । रुखबाट लडेर बिर्तामोडमा एक युवक घाइते भएका छन् । आइतवार साँझ ५:५४ बजे बिर्तामोड ४ रामाउत टोल बस्ने १९ वर्षीय मिसन लिम्बू घरनजिकै रहेको खम्रेतोको रुखमा बाख्रालाई घाँस काट्ने क्रममा रुखबाट लडेर घाइते भएका हुन् । बिर्तासिटी अस्पताल बिर्तामोडमा उनको उपचार भइरहेको छ । देब्रे हातमा चोट लागेका लिम्बूको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।




# निपाह भाइरसबारे सचेत रहन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नागरिकको स्वास्थ्य सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट पारेको छ ।

निपाह भाइरसको जनस्वास्थ्य जोखिमका सम्बन्धमा केही देशमा देखिएको घटनाप्रति सचेत रहेको उल्लेख गर्दै मन्त्रालयले त्यसका लागि आवश्यक सबै कदम चालिरहेकाले सबैलाई आतङ्कित नहुन र सचेत, सजग र जिम्मेवार बन्न अनुरोध गरेको हो ।

विश्व स्वास्थ्य सङ्गठनद्वारा विश्वव्यापी तथा दक्षिणपूर्वी एसिया क्षेत्रीयस्तरमा निपाह भाइरसको जनस्वास्थ्य जोखिम न्यून रहेको मूल्याङ्कन गरिए तापनि छिमेकी मुलुकमा देखिएका निपाह भाइरसका केही घटनालाई मध्यनजर गरी आवश्यक सचेतना अपनाइएको मन्त्रालयले उल्लेख गरेको छ । मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा पूर्वतयारीका कदम स्वरूप देशभरका स्वास्थ्य संस्था तथा निकायलाई सचेत गराइएको तथा निपाह भाइरसको परीक्षणका आवश्यक तयारी गरिएको स्पष्ट पारिएको छ । निपाह भाइरस सङ्क्रमित चमेराको र्‍याल, पिसाब वा मलमूत्रले दूषित फलफूल सेवन गर्दा सङ्क्रमण हुनसक्ने, सङ्क्रमित व्यक्तिको



रगत थुक, पिसाब वा नजिकको सम्पर्कबाट तथा चमेरोबाट सुँगुर हुँदै पनि मानिसमा यो सङ्क्रमण सर्नसक्ने मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबैलाई फलफूल राम्ररी पखालेर मात्र खान, तरकारी राम्रोसँग पकाएर खान, सफा र सुरक्षित पानी उमालेर मात्र पिउन, जनावरका गोठ तथा फार्म सफा राख्ने, मासु काट्दा पत्रा र मास्क प्रयोग गर्ने, बेलाबेलामा साबुन पानीले हात धुने तथा भिडभाडमा जाँदा मास्क लगाउनेजस्ता जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरेको छ ।ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने, चकर लाग्ने, खोकी लाग्ने, सास फेर्न गाहो हुने, वाकवाकी लाग्ने, बान्ता हुने तथा गम्भीर अवस्थामा होस हराउने, अचेत हुनेलगायत शङ्कास्पद लक्षण देखिएका बिरामीको शीघ्र पहिचान गर्न आइसोलेसनमा राखेर रिपोर्टिङ गर्नुपर्ने मन्त्रालयले उल्लेख गरेको छ । रोगको सङ्क्रमण रोकथाम तथा नियन्त्रण मापदण्ड कडाइका साथ पालना गर्न गराउन पनि मन्त्रालय सबै सरोकार भएका सबैलाई अनुरोध गरेको छ ।

शङ्कास्पद लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्था वा ११११५ मा तुरुन्त सम्पर्क गर्नसमेत आग्रह गर्दै मन्त्रालयले हालसम्म नेपालमा निपाह भाइरसका घटना पुष्टि नभएका तथा स्वास्थ्य निकाय जोखिम न्यूनीकरणका लागि पूर्ण रूपमा तयारी अवस्थामा रहेको जनाएको छ ।

मन्त्रालयले राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार निकायसँग समन्वय गर्दै अवस्था निरन्तर अनुगमन गरिरहेकाले सबैलाई अफवाहमा नपर्न र मन्त्रालयद्वारा जारी आधिकारिक सूचनामात्र विश्वास गर्न मन्त्रालयले अनुरोध गरेको छ ।

# सातौँ झापा गोल्डकपको खेलतालिका सार्वजनिक

बिर्तामोड, माघ १९ । एक्स्ट्रिम सातौँ झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करणको खेल तालिका सार्वजनिक गरिएको छ । आयोजक झापा गोल्डकपले सोमवार सामाजिक सञ्जालमार्फ खेलतालिका सार्वजनिक गरेको हो ।

माघ २४ गतेदेखि हुने प्रतियोगिताको खेलतालिकाअनुसार उद्घाटन खेलमा आयोजकको टिम झापा ११ फुटबल क्लबले नेपाल पुलिस क्लबको सामना गर्नेछ । त्यस्तै, माघ २५ गते त्रिभुवन आर्मी फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुने अध्यक्ष केदार गिरीले बताए ।

त्यस्तै, प्रतियोगिताको पहिलो क्वार्टर फाइनल खेल माघ २६ गते उद्घाटन खेलको विजेता र सिक्किमको सिंग्लिङ स्पोर्टिङ क्लबबीच हुनेछ । दाम्रो क्वार्टर फाइनल खेल माघ २७ गते दोस्रो दिनको विजेता र पोखराकोलालीगुराँस एसोसिएसनबीच हुनेछ । तेस्रो क्वार्टर फाइनल खेलमा माघ २८ गते एपिएफ फुटबल क्लब र भुटानको रोयल थिम्पु कलेजले प्रतिस्पर्धा गर्नेछन् । अन्तिम क्वार्टर फाइनल खेल माघ २९ गते मछिन्द्र फुटबल क्लब र मलेसियाको एन पेनाङ फुटबल क्लबीच हुने महासचिव बुद्ध तामाङले बताए ।

प्रतियोगिताको पहिलो सेमिफाइनल खेल फागुन १ गते र दोस्रो सेमिफाइनल खेल फागुन २ गते हुनेछ । फाइनल खेल फागुन ४ गते हुनेछ ।

प्रतियोगिताको विजेताले नगद १५ लाख रुपैयाँ र ट्रफी पाउने कोषाध्यक्ष चन्द्रमणि कट्टेलले जानकारी दिए । त्यस्तै, उपविजेताले सात लाख ५० हजार रुपैयाँ पाउनेछ ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २५ हजार रुपैयाँ पाउनेछ । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई यामाहाको एकथान मोटरसाइकल प्रदान गरिनेछ । उत्कृष्ट गोलकिपर, प्रशिक्षक र उच्च गोलकर्तालै नगद ३५ लाख रुपैयाँ पाउनेछ ।बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा सञ्चालन हुने प्रतियोगिताको मुख्य प्रयोजक एग्रो थाई फुड्स प्रालिको उत्पादन एक्स्ट्रिम इनर्जी ड्रिंग्स रहेको वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेलले जानकारी दिए ।

यसैत्रीच, हिम इलेक्ट्रोनिक प्रालिको तर्फबाट बिर्तामोडस्थित महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन एकजना भाग्यशाली दर्शकलाई एकथान ३२ इन्चको एलइडी टिभी उपलब्ध गराउने आयोजकले जनाएको छ ।




## टुथपेष्ट...

समस्या निम्ताउने हुँदा सरकारले यस विषयमा बेलैमा ध्यान दिनु पर्ने सेपेडका कार्यकारी निर्देशक तथा वातावरण वैज्ञानिक रामचरित्र साहको भनाइ छ।

वातावरण वैज्ञानिक साहले भने, 'हामीले गरेको सिम्बोलिक अध्यनमा दैनिक रुपमा हामीले प्रयोग गरिएका केही सरसफाइको सामग्री र सिदुर, गाजल, लिपिस्टिक जस्ता सौन्दर्य सामग्रीमा अत्यधिक लिडको मात्रा भेटिएको छ, अब यसलाई न्यूनीकरण गर्न सकिएन भने मानव स्वास्थ्यमा भविष्यमा ठूलै असर पर्ने देखिन्छ।'

हालसम्म सौदर्य र केही व्यक्तिगत सरसरफाइका सामग्री औषधिजन्य सामग्रीका रूपमा कानुनमा नै नसमेटिएको हुँदा यस्ता सौन्दर्य तथा टुथपेस्ट जस्ता व्यक्तिगत सरसफाइका सामग्रीको गुणस्तरीयतामा काम गर्न औषधि व्यवस्था विभागलाई अप्ठ्यारो भएको हुँदा छिट्टै औषधि ऐन संशोधन गरेर यस्ता सामग्रीलाई पनि औषधिजन्य सामग्रीमा समेटेर गुणस्तर मापन गरिने औषधि व्यवस्था विभागका महानिर्देशक नारायण ढकालको भनाइ छ।

'अहिलेसम्म सौन्दर्यका सामग्री औषधिजन्य सामग्रीमा समेटिएको छैन तर यस्ता सामग्रीमा मानव स्वास्थ्यलाई हानी गर्ने रसायन छन् भन्ने हामीले यस्तै रिसर्चबाट थाहा पाइरहेका छौँ, त्यसैले छिट्टै औषधि ऐन संशोधन गरेर यस्ता सौन्दर्यजन्य सामग्रीको गुणस्तरीयता मापन गर्ने हाम्रो तयारी छ।' औषधि व्यवस्था विभागका महानिर्देशक ढकालले भने।

यता वरिष्ठ दन्तरोग विशेषज्ञसमेत रहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी विभिन्न ब्रान्डमा बजारमा पाइने यस्ता विषाक्त सामग्रीको निगरानी अब गर्नु पर्ने बताउँछन्।

'टुथपेस्ट,लिपिस्टिक, गाजल जस्ता हामीले दैनिक प्रयोग गर्ने सामग्रीमा अत्यधिक लिडको मात्र भेटिएको छ भन्ने अध्ययनले देखाएको अवस्थामा, यसबारेमा अझै बृहत रिसर्च गरेर भविष्यमा के गर्न सकिन्छ भनेर अघि बढ्नुपर्छ, किन भने अत्यधिक लिडको मात्रा मानव शरीरमा प्रवेश गरेको खण्डमा बौद्धिक क्षमता घट्नेदेखि अन्य गम्भीर खालका स्वास्थ्य समस्या पनि देखाउने गर्छ।' विश्व स्वास्थ्य संगठनले मानव स्वास्थ्यका लागि सिसाको कुनै पनि मात्रा सुरक्षित नहुने स्पष्ट गरेको छ। अध्ययनले उपभोक्ताहरूलाई सामग्री खरिद गर्दा 'लिड फ्री' लेबल भएको उत्पादन छनोट गर्न, शिशुमा परम्परागतरूपमा गाजल लगाउने अभ्यास कम गर्न तथा उत्पादक र विज्ञापनकर्तालाई जिम्मेवार बन्न आग्रह गरेको छ।

# ताप्लेजुङ कांग्रेसको कार्यवाहक सभापति बराल

फुङलिङ । । नेपाली कांग्रेस ताप्लेजुङले कार्यवाहक जिल्ला सभापतिको जिम्मेवारी डिल्लीरमण बराललाई दिएको छ । पार्टी सभापति गजेन्द्रप्रसाद तुम्याहाङ प्रतिनिधिसभाको उम्मेदवार बनेपछि उपसभापति बराललाई कार्यवाहकको जिम्मेवारी दिइएको हो ।

कार्यवाहकको जिम्मेवारी पाएका बरालले पार्टी सञ्चालनको जिम्मेवारी सुरु गरिसकेको पार्टी प्रवक्ता विश्वराज नाल्बोले जानकारी दिए । उनका अनुसार निर्वाचन परिचालन समिति बनाउने, जिम्मेवारी बाँडफाँड गर्नेलगायतका निर्णय बरालकै अध्यक्षतामा बसेको बैठकले गरेको हो ।

बराल यसअघि उपसभापतिको जिम्मेवारीमा रहेका थिए । तुम्याहाङ घरदैलो तथा चुनावी अभियानका लागि सदरमुकामबाट गाउँ प्रवेश गरिसकेका छन् ।

## कोशी...

आवश्यक अन्य सबै तयारी परा भइसकेको उनको भनाइ छ । प्रतियोगितामा नेपालका तर्फबाट आयोजक भद्रपुर क्रिकेट क्लब, गण्डकी हिरोज पोखरा, ग्रेट हिमालयन क्रिकेट एकाडमी काठमाडौं र फ्रेण्ड्स युथ क्लब डडेल्धुराको सहभागिता रहनेछ भने भारतका तर्फबाट राइनो ल्याण्ड क्रिकेट एकाडमी आसाम (गोहाटी), ग्लोबल स्टार क्रिकेट क्बल लखनउ, क्रिकेट कोचिङ्ग उपाध्याय एकाडमी न्यू दिल्ली र स्नो लायन टिम अफ सिक्किम सहभागी रहने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । पत्रकार सम्मेलनमा भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेलले प्रतियोगितामा नगरले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले क्लब स्तरबाट नेपालमै एउटा मात्र स्तरीय क्रिकेट मैदान तयार भएको बताउदै क्रिकेट मैदानको स्तरोन्नतिका लागि वडा, नगरपालिकादेखि विभिन्न खेलप्रेमी महानुभावको लगानी रहेको बताए । प्रतियोगिताले खेलकुद पर्यटनलाई समेत टेवा मिल्ने नगर प्रमुख पोखरेलको भनाइ छ ।

प्रतियोगिताका लागि एक करोड २० लाख खर्च हुने आयोजक भद्रपुर क्रिकेट क्लबका अध्यक्ष आदित्य पराजुलीले जानकारी दिए । प्रतियोगितामा विजेताले नगद पाँच लाख, उप-विजेताले नगद तीन लाखसहित ट्रफी पाउनेछन् । प्रत्येक खेलको प्लेयर अफ दि म्याचले नगद रू ११ हजार ट्रफी, उत्कृष्ट बलर र ब्याट्सम्यानले नगद रू २५/२५ हजार र ट्रफी, उदीयमान खेलाडीले नगद रू ११ हजार तथा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मेन अफ दि सिरिजलाई नगद रू ५१ हजार र ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ । कोशी प्रदेश सरकार, भद्रपुर नगरपालिका तथा स्थानीय दाताहरुको सहयोगमा करिब रू ६० लाखको लागतमा पिच निर्माण गरी स्तरीकरण गर्ने कार्य सम्पन्न भएको छ ।


**बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।**

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं ।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं ।
- शहर तथा घना वस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरीक्षण गराऔं ।
- अनुमति दिंदानै तोकिएको शुल्क प्राप्त गरौं ।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं ।
- वाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं ।
- वाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं ।
- स्थानीय तहको आम्दानी बृद्धि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## झापामा...

त्यस्तै माघ १४ गते मोटरसाइकल दुर्घटनामा घाइते बिर्तामोड ७ गरामनीकी कल्पना भण्डारीको मृत्यु भएको छ ।

तीन दिनअघि माघ ११ गते दिउँसो १:३० बजे मेचीनगर ७ नमुना टोलस्थित भित्री सडकखण्डमा काँकरभिट्टाबाट भद्रपुरतर्फ जाँदै गरेको मे ९ प ६३९४ नम्बरको माटरसाइकल र बिपरित दिशाबाट आउँदै गरेको प्र.१-०१-०१७ प ४२६५ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा ६३९४ न.को मोटरसाइकल चालक बिर्तामोड ७ बस्ने ६४ वर्षीय भोजराज भण्डारी सामान्य घाइते भएका थिए भने पछाडि सवार उनकी श्रीमती ५४ वर्षीया कल्पना भण्डारी गंभीर घाइते भएकी थिइन् । टाउको र शरीरमा चोट लागेकी कल्पनालाई बीएण्डसी अस्पताल लगिएको थियो । माघ १४ गते बिहान १०:१५ बजे उपचारको क्रममा उनको मृत्यु भएको हो । ४२६५ नं.को मोटरसाइकल चालक मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने ४३ वर्षीय युवराज मुखियालाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाले नियन्त्रणमा लिएको छ ।

त्यस्तै माघ १० गते मोटरसाइकल दुर्घटनामा घाइते भएका बिर्तामोड-६ बस्ने १८ वर्षीय समर मुस्लिमको मृत्यु भएको छ ।

बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारका क्रममा दिउँसो ३.३० बजे उनको मृत्यु भएको हो । गत पुष ३० गते साँझ ५:३० बजे बिर्तामोड - ६ किरात चोकस्थित भित्री सडकखण्डमा बुट्टाबारीबाट किरात चोकतर्फ जाँदै गरेको मे २ प ६५७८ न.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक मुस्लिम घाइते भएका थिए ।

त्यस्तै माघ ७ गते शिवसताक्षीमा गुडिरहेको ट्र्याक्टरबाट लडेर सहचालकको मृत्यु भएको छ । साँझ ६ बजे शिवसताक्षी ६ जामबारीस्थित झिलझिले-कुञ्जिबारी पक्की सडकखण्डमा बिष्णु चोकबाट जनता चोकतर्फ जाँदै गरेको मे १ त ७५६३ नम्बरको ट्र्याक्टरबाट लडेर ट्र्याक्टरका सहचालक सोही ठाउँ बस्ने २२ वर्षीय नारायण राजवंशीको मृत्यु भएको हो ।

अचानक गुडिरहेको ट्र्याक्टरबाट लडेर गम्भीर घाइते भएका राजवंशीलाई उपचारको लागि आंम्दा अस्पताल दमक लगिएकोमा डाक्टरले मृत घोषणा गरेका थिए । ट्र्याक्टर चालक सोही ठाउँ बस्ने ३० वर्षीय नितेस घिमिरे र ट्र्याक्टर इलाका प्रहरी कार्यालय शिवगंजको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।त्यस्तै माघ ६ गते बिर्तामोडको जात्रुवारीमा पिकअपको ठक्करबाट वृद्धाको मृत्यु भएको छ ।

दिउँसो १२:५५ बजे बिर्तामोड ५ जात्रुबारीस्थित भित्री सडकखण्डमा रहेको किराना पसलमा सामान लोड गरी ब्याक गर्ने क्रममा मे१ज १८०४ न. को सामान बोक्ने पिकअप गाडीले पैदलयात्रु सोही ठाउँ बस्ने बर्ष ८१ की श्रीमाया लिम्बूलाई पिकअपको पछाडीको भागले ठक्कर दिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएकी लिम्बूलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार गराउने क्रममा दिउँसो १:३० बजे मृत्यु भएको हो । पिकअप चालक बुद्धशान्ति ३ बस्ने बर्ष ३१ का हरिप्रसाद काफ्ले र पिकअप इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

त्यस्तै माघ ४ गते राति बिर्तामोडमा मोटरसाइकल र अटो ठोक्किँदा एकजना युवतीको मृत्यु भएको छ । राति १०.५० बजे बिर्तामोडको अधुवा खोला पुलछेउ पूर्वपश्चिम राजमार्गमा लक्ष्मीपुरदेखि मुक्तिचौकतर्फ आउँदै गरेको प्र.१-०२-०४२ प.१९०४ न.को मोटरसाइकलले वानस्टप मलदेखि अधुवा खोलातर्फ जाँदै गरेको मे.१ ह.३७२१ न.को अटोलाई ठक्कर दिएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक गौरादह वडा न.३ बस्ने बर्ष २४ का निरज कार्की र मोटरसाइकलमा पछाडी सवार दमक बस्ने बर्ष २२ की सुजाता बुढाथोकी घाइते भएका थिए । टाउकोमा चोट लागेर गम्भीर घाइते भएकी सुजातालाई बिर्तामोडस्थित बीएण्डसी अस्पताल लगिएको थियो । उपचारका क्रममा माघ ५ गते बिहान ४ बजे उनको मृत्यु भएको हो । दुवै सवारी साधन,अटो चालक अर्जुनधारा वडा न.६ बस्ने बर्ष ३४ का खेमराज खड्का र मोटरसाइकल चालक कार्कीलाई सामान्य उपचारपश्चात् नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोड राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै माघ २ गते राति बिर्तामोड - भद्रपुर सडकखण्डमा भएको मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु भएको छ ।

राति ८.१५ बजे बिर्तामोड ८ हर्चना टोलस्थित सडकखण्डमा सैनिकमोडबाट भद्रपुरतर्फ जादै गरेको प्र१-०१-०१४ प ५११९ नं. को मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक भद्रपुर ७ बस्ने बर्ष ३६ का सुदिर निरौला गम्भीर घाइते भएका थिए ।

घाइतेलाई बिर्तासिटी अस्पताल बिर्तामोडमा ल्याईएकोमा उपचारको क्रममा राति ९:१५ बजे डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

माघे संक्रान्तिका दिन झापामा १० वटा दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको थियो भने २८ जना घाइते भएका थिए ।

बिहान ९.३० बजे कन्काई माई मेला जाँदै गरेको मे १ च ४५१५ न. को पिकअप (मालबाहक) गाडी दुर्घटनामा परेको हो । पूर्वबाट जाँदै गरेको सो पिकअपलाई कनकाई - ३ नयाँ बस्तीस्थित पूर्वपश्चिम लोकमार्गमा माईधारबाट बिर्तामोडतर्फ आउँदै गरेको ना ५ ख २१४९ न. को बसले ठक्कर दिएको थियो । दुर्घटनामा पिकअपमा सवार आमा छोरीको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् । भद्रपुर ८ बस्ने आफुद राजवंशीकी श्रीमती ४० वर्षीया सुस्मा राजवंशी र उनकी छोरी डेढ वर्षीया आरुती राजवंशीको मृत्यु भएको हो ।

सोही दिन साँझ ७:५० बजे बिर्तामोड - ५ सिटीसेन्टरस्थित पूर्वपश्चिम लोकमार्गमा ट्रकले ठक्कर दिँदा मोटरसाइकलमा सवार श्रीमानको मृत्यु भएको थियो भने श्रीमती घाइते भएकी थिइन् । बिर्तामोडबाट बुट्टाबारीतर्फ जाँदै गरेको ना ८ ख २२ ९७ न. को ट्रक र बिपरित दिशाबाट आउँदै गरेको नम्बर नखुलेको (जलेर) मोटरसाइकल एक आपसमा ठक्कर खाएका थिए । मोटरसाइकल चालक हल्दिवारी ४ बस्ने बर्ष ३२ का खगेन्द्र मगरको मृत्यु भएको हो । मोटरसाइकलमा पछाडि सवार उनकी श्रीमती बर्ष २५ की सुकमाया तामाङ गंभीर घाइते थिइन् । उनको बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनापश्चात् मोटरसाइकलमा आफै आगलागी भई मोटरसाइकल पूर्णरुपमा जलेर नष्ट भएको छ ।


प्रतिदिन १८ औं वार्षिकोत्सव

**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार शाह (राजु)
संचालक
**राजु अफ्सेट प्रेस**
बिर्तामोड- ५ , झापा



प्रतिदिन १८ औं वार्षिकोत्सव

**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जन्नत डान्सबार परिवार**
बिर्तामोड- १ , झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुनावी तालमेलको असर

आफ्नो स्वार्थ पूरा गर्न जनता झुक्याउने चुनावी तालमेलले क्षणिक फाइदा मिलेपनि त्यसको असर राम्रो हुँदैन । जनताको अहितमा रहेको चुनावी तालमेलले राजनीतिक दलहरुलाई समेत नराम्ररी फसाएको छ । जसको उदाहरण हुन् नेकपा एमाले र राप्रपा । घरि झापा ३ मा एमालेका उम्मेदवार हरिबहादुर राजवंशीले उम्मेदवारी फिर्ता लिएको हल्ला चल्छ , घरि दमकका मेयर राम थापाले झापा ५ मा एमालेलाई सघाउने अपवाह फैलिन्छ । यस्ता गतिविधिका कारण यस पटक चुनावी तालमेल नगरेर एक्लाएक्लै उम्मेदवारी दिएपनि एमाले र राप्रपालाई आ–आफ्नो मत जोगाउन कठिन देखिएको छ । लगातार १२ वर्षसम्म चुनावी तालमेल गर्दाको परिणाम अहिले दुवै पार्टीले भोगिरहेका छन् । हिजो तालमेलको सम्बन्ध बनाएका ती दुई दलबीच अहिले सम्बन्ध विच्छेद भएपनि पूर्व प्रेमीले जस्तै एकअर्कामाथि दावी गर्न छोडेका छैनन् ।

राप्रपाबाट दमक नगरपालिकाको मेयर जितेका राम थापाले एमाले अध्यक्ष केपी ओलीलाई सघाउने केही दिनअघि हल्ला चलाइयो । त्यसलाई चिर्न उनले विज्ञप्ति नै जारी गर्नु पर्‍यो । त्यस्तै राप्रपा अध्यक्ष तथा झापा ३ का उम्मेदवार राजेन्द्र लिङ्देनले सामाजिक संजालमार्फत एउटा सानो झुण्ड झापा ५ र ३ मा राप्रपाले एमालेसँग गठबन्धन गरेको छ भनेर सुनियोजित रुपमा प्रचारमा उत्रेर भ्रम सिर्जना गर्ने कोसिस गरिरहेको बताएका छन् । झापा ५ मा यसपटक राप्रपाले आफ्नै उम्मेदवार लक्ष्मीप्रसाद संग्रौलालाई उठाएको छ भने एमालेले झापा ३ मा हरिबहादुर राजवंशीलाई उम्मेदवार बनाएको छ । संग्रौला र राजवंशी 'डमी' उम्मेदवार मात्र भएको दावी गरिएको छ । चुनावी तालमेल नहुँदासमेत एमाले अध्यक्ष केपी ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच भित्री रुपमा 'भोटको सौदावाजी' हुनसक्ने शंका निवारण हुन सकेको छैन । जसका कारण दुवै पार्टीको मत बिग्रिन सक्ने देखिएको हो । यसपटक पनि झापा ५ र ३ मा ओली र लिङ्देनले जित हासिल गर्न अरुसंग तालमेल गर्नैपर्ने अबस्था रहेको विश्लेषण गरिएको छ । उनीहरुले २०७४ र २०७९ मा तालमेल गरेरै निर्वाचन जितेका थिए ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचन घोषणापत्रको मर्म



• यज्ञप्रसाद भट्टराई

फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदान हुँदै छ । निर्वाचन आयोगमा हाल दर्ता कायम रहेका राजनीतिक दल १३६ रहेका छन्, जसमध्ये १०७ निर्वाचन चिह्नमा ११४ दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएको देखिन्छ। समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन भनी ९३ निर्वाचन चिह्नमा सय वटा दलले निवेदन पेस गरेका थिए । समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ वटा बन्दसूची ६३ दलले पेस गरेका छन् भने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६५ दलको तर्फबाट ३४०६ जना उम्मेदवारको मनोनयन दर्ता भइसकेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ दलहरूको तर्फबाट ५७ वटा बन्दसूचीमा ३२१३ जना उम्मेदवारको मनोनयन पेस भइसकेको छ । मतदानको दिनभन्दा १७ दिनअघिदेखि अर्थात् फागुन ४ गतेदेखि दलहरूले चुनावी सभा एवं प्रचारप्रसारलगायत कार्यक्रम गर्न पाउने व्यवस्था निर्वाचन आचारसंहिता २०८२ ले गरेको छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि फागुन ४ गतेसम्मको अवधि भनेको दल तथा उम्मेदवारले आफ्नो चुनावी घोषणापत्र अर्थात् निर्वाचन घोषणापत्र तयार गर्ने र उक्त घोषणापत्र सार्वजनिक गरी दलले निर्वाचन आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्ने समय हो । घोषणापत्रका आधारमा मात्र निर्वाचन प्रचारप्रसार गर्ने गरी समय निर्धारण गरिएको छ ।

निर्वाचन घोषणापत्र भनेको कुनै दल वा उम्मेदवारले निर्वाचनअघि जनतासामु राख्ने लिखित प्रतिबद्धता हो । दल वा उम्मेदवारले हामीलाई भोट दिनुहोस्, हामी जित्यौँ भने यी काम गर्छौं भनेर जनतालाई दिने वाचापत्रलाई नै निर्वाचन घोषणापत्र भनिन्छ । सामान्यतया चुनाव जितेपछि के कस्तो नीति र कार्यक्रम लागु गर्ने ? सङ्घ, प्रदेश र स्थानीय तहका समस्या कसरी समाधान गर्ने ? देशको अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार जस्ता क्षेत्रमा के काम गर्ने ? भन्ने जस्ता दलको विचारधारा र प्राथमिकता निर्वाचन घोषणापत्रमा समावेश गर्ने गरिन्छ ।

चुनावमा निर्वाचन घोषणापत्र अति नै आवश्यक हुन्छ । घोषणापत्रले दल वा उम्मेदवारले के गर्न चाहन्छन्, कुन विषयलाई प्राथमिकता दिन्छन् भन्ने स्पष्ट पार्छ । घोषणापत्रले मतदातालाई सोचेर भोट दिन एवं सही निर्णय गर्न सहयोग गर्छ । मतदातालाई निर्वाचन घोषणापत्रले दल वा उम्मेदवारको नीति, योजना र दृष्टिकोणको तुलना गर्न सजिलो बनाउँछ । घोषणापत्रले नेताहरूलाई जिम्मेवार र उत्तरदायी बनाई लोकतन्त्र बलियो बनाउन मद्दत गर्छ । जनताको मत केवल भावनामा होइन, दल वा उम्मेदवारको स्पष्ट योजना र प्रतिबद्धतामा आधारित हुन्छ । चुनावी घोषणापत्रले लोकतान्त्रिक प्रणाली मजबुत बनाउनुका साथै शासनको दिशानिर्देश गर्नसमेत सहयोग पुग्छ । दल वा उम्मेदवारले चुनाव जितेपछि निर्वाचन घोषणापत्र सरकारको कार्यदिशा बन्न सक्छ । दलले जनतासम्म पुग्ने मुख्य माध्यम पनि यही हुने छ ।

निर्वाचन घोषणापत्रको सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने देश अनुसार फरक फरक रहेको पाइन्छ । तथापि केही सामान्य र स्थापित अभ्यास विश्वभर प्रचलित रहेको देखिन्छ । प्रायः सबै लोकतान्त्रिक देशमा दलहरूले चुनावअघि लिखित घोषणापत्र सार्वजनिक गर्छन् र वेबसाइट, मिडिया एवं सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरेको पाइन्छ । दल वा उम्मेदवारको निर्वाचन घोषणापत्रलाई बेलायतमा
'पार्टी मेनिफेस्टो,' भारतमा 'इलेक्सन मेनिफेस्टो' र अमेरिकामा 'पार्टी प्लेटफम' भन्ने गरेको पाइन्छ । अन्तर्राष्ट्रिय अभ्यासमा व्यक्तिलाई भन्दा नीति र कार्यक्रममा जोड दिइन्छ । निर्वाचन घोषणापत्रमा दल वा उम्मेदवारले अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन जस्ता विषयलाई अनिवार्य रूपमा समेट्ने गरेको पाइन्छ ।

धेरै देशमा दल वा उम्मेदवारले घोषणापत्र सार्वजनिक गरेपश्चात् मिडिया, नागरिक समाज र विज्ञहरूद्वारा बहस र विश्लेषण गराइन्छ, जसले गर्दा मतदातालाई सचेत बनाउँछ । उन्नत लोकतन्त्र भएका देशमा चुनाव जितेपछि सरकारले घोषणापत्रका वाचा अनुसार नीति तथा कार्यक्रम बनाउने गर्छन् भने संसद् र जनताले त्यसका आधारमा उनीहरूको मूल्याङ्कन गर्ने प्रचलन छ । बेलायतमा दल वा उम्मेदवारको घोषणापत्रलाई 'मोरल कन्ट्र्याक्ट विथ भोटर्स (मतदातासँगको नैतिक सम्झौता)' मानिन्छ । अन्तर्राष्ट्रिय रूपमा विभिन्न देशमा निर्वाचन घोषणापत्रलाई लोकतन्त्रको अनिवार्य अङ्ग, जनप्रतिनिधि र जनताबिचको सम्झौता वा सरकारको कार्यदिशाका रूपमा लिने प्रचलन छ ।

नेपालमा निर्वाचन घोषणापत्रको अभ्यास औपचारिक रूपमा २०१५ सालदेखि सुरु भएको मानिन्छ । निर्वाचनको इतिहास हेर्दा २०१५ सालमा भएको निर्वाचन संसदीय निर्वाचन हो । नेपालमा भएको पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेस, गोर्खा परिषद् जस्ता दलले लिखित घोषणापत्र सार्वजनिक गरेको र उक्त समयदेखि घोषणापत्रको औपचारिक अभ्यास सुरु भएको पाइन्छ । पञ्चायती व्यवस्थामा दल निषेधित भएको हुँदा दलगत निर्वाचन घोषणापत्रको अभ्यास भएको पाइँदैन । उम्मेदवारले आफ्ना व्यक्तिगत नारा र कार्यक्रममै सीमित रहेर निर्वाचनमा भाग लिन्छन् । विसं २०४६ सालपछि बहुदलीय लोकतान्त्रिक व्यवस्थाको पुनर्स्थापना भयो । विसं २०४८ को संसदीय निर्वाचनदेखि निर्वाचन घोषणापत्र नियमित, व्यवस्थित र संस्थागत भएको हो । त्यसपछि भएका प्रत्येक निर्वाचनमा दलहरूले आफ्नो विस्तृत निर्वाचन घोषणापत्र सार्वजनिक गर्दै आएका छन् । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० को उपदफा (२) को खण्ड (घ) मा दलले आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने भनी दलको काम, कर्तव्य र अधिकार उल्लेख छ ।

निर्वाचन आयोगले निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्ने उद्देश्यले निर्वाचन आचारसंहिता, २०८२ जारी गरेको छ । उक्त आचारसंहितामा राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ सङ्गठनले जुलुस, आमसभा, कोण सभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ, जसमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा सत्र दिनअघिदेखि मात्र दल तथा उम्मेदवारले निर्वाचन प्रचार प्रसारसम्बन्धी काम गर्न सक्ने प्रावधान छ । दल तथा उम्मेदवारले जुलुस, आमसभा वा कोण सभा गर्न, सञ्चार माध्यममा कुनै प्रकारको प्रचार प्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न र निर्वाचन प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्न फागुन ४ गतेदेखि मात्र पाउने व्यवस्था गरिएको छ ।
निर्वाचन आयोगले पहिलो पटक निर्वाचन घोषणापत्रलाई अनिवार्य गरी निर्वाचन आचारसंहिताको दायरामा ल्याएको छ । राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोको आधारमा मात्र प्रचारप्रसार गर्नुपर्ने व्यवस्था गरिएको छ । निर्वाचन घोषणापत्र दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने छ । दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिएको छ ।
अबको निर्वाचन भनेको नैतिक प्रतिस्पर्धामा आधारित अर्थात् निर्वाचन घोषणापत्रमा आधारित निर्वाचन हुनु आवश्यक छ । अबको बहस भनेको एक उम्मेदवारले अर्को उम्मेदवारलाई गालीगलौच गर्ने, द्वेषपूर्ण वा घृणास्पद अभिव्यक्ति दिने नभई आफ्ना नीति कार्यक्रम मतदातासामु पेस गरेर वा प्रतिबद्धता जाहेर गरेर मतदाताप्रति उत्तरदायी र जिम्मेवार बन्नु पनि हो । निर्वाचनमा उम्मेदवार, दल र मतदातालाई नैतिक मूल्य र लोकतान्त्रिक आचरणका आधारमा प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्नु पर्छ । भ्रामक वा असत्य प्रचारप्रसार, पैसाको दुरुपयोग, धम्की, हिंसा वा जातीय वा धार्मिक विभाजनको प्रयोग र मतदातालाई लोभलालच देखाएर प्रभावित गर्ने कार्यलाई शून्य सहनशीलताको नीति अवलम्बन गरिनु पर्छ । मतदाताको स्वतन्त्र निर्णयको सम्मान गर्दै विचार र कार्यक्रम तथा योजनाका आधारमा निर्वाचनमा प्रतिस्पर्धा गर्नु पर्छ । दल वा उम्मेदवारले आफ्नो योग्यता, दृष्टि र योजना स्पष्ट राख्ने र विरोधी विचारलाई शत्रु होइन, विकल्पका रूपमा लिने विषयलाई अपनाउनु आवश्यक छ । जनतासँग गरेका वाचा पूरा गर्न प्रतिबद्ध रहने, पैसाको प्रभाव घटाउने र दल तथा उम्मेदवारका बिच समान अवसर सुनिश्चित गर्ने विषय महत्वपूर्ण हुन्छ । व्यक्तिगत वा दलगत स्वार्थभन्दा देश र जनताको हितमा बहस केन्द्रित गर्नुपर्ने जस्ता विषयलाई नैतिक प्रतिस्पर्धाले यसले समेट्ने हुँदा यस्ता विषयलाई आत्मसात् गर्नु आवश्यक छ ।
विगतका निर्वाचन हेर्दा घोषणापत्र केवल देखाउनकै लागि मात्र हुने व्यवस्था थियो । निर्वाचित दल वा उम्मेदवारले घोषणापत्रलाई अनदेखा गर्ने परिपाटी मौलाउँदो छ । दल तथा उम्मेदवारले मतदातासामु बोलेका कुराप्रति जवाफदेही लिने परिपाटी कमजोर हुँदै गएको थियो । यस पटकको निर्वाचनदेखि हरेक वर्ष दल वा उम्मेदवारले आफूले गरेका लिखित प्रतिबद्धता कति पूरा गर्न सकियो वा सकिएन भन्ने सार्वजनिक गरी मतदातालाई जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ । अब हुने निर्वाचनमा भाग लिएका दल वा उम्मेदवारले आआफ्ना घोषणापत्र सार्वजनिक गरिसक्नुपर्ने छ ।
घोषणापत्र अभिलेखीकरणका लागि निर्वाचन आयोगमा बुझाउनुपर्ने हुन्छ । यो निर्वाचन विशेष परिस्थितिमा हुने निर्वाचन भएको हुँदा सबै राजनीतिक दल तथा उम्मेदवार जिम्मेवार हुनु जरुरी छ । मतदाताको पनि आफ्नो कर्तव्य हुन्छ । मतदाताले कुनै पनि प्रलोभन वा दबाब प्रभावबिना स्वतन्त्र रूपले विवेकको प्रयोग गरी योग्य, सक्षम र इमानदार प्रतिनिधि छनोट गर्न मतदान गर्नु भनेको राष्ट्रसेवा गर्ने पहिलो खुट्किलो वा अवसर हो । मतदाताले पनि दल वा उम्मेदवारका खोक्रा प्रलोभन र ललिपपको भ्रममा नपरी घोषणापत्रमा उल्लेख भएका नीति कार्यक्रमको मूल्याङ्कन गरेर आफ्नो अमूल्य मतदान गरी जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गर्न जरुरी छ ।
गोपबाट

# प्रधानमन्त्री प्रक्षेपणको खेल



• डा. विधुप्रकाश कायस्थ

नेपाली राजनीतिको अस्थिर परिवेशमा एउटा पुरानो प्रवृत्ति फेरि सतहमा आएको छ : चुनावअघि नै 'प्रधानमन्त्रीको अनुहार' अघि सार्ने। आसन्न २०८२ फागुन २१ को आमनिर्वाचन नजिकिँदै गर्दा प्रमुख दलहरूले केवल पार्टीको झण्डामात्र होइन, व्यक्तिलाई नै ब्रान्ड बनाएर भोट मागिरहेका छन्।
नेकपा (एमाले)ले केपी शर्मा ओलीलाई अघि सारेको छ भने नेपाली कांग्रेसमा गगन थापालाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको छ। यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रधानमन्त्री प्रक्षेपणमा बालेन साहलाई राखेर राजनीतिक दाउपेच खेलिरहेको छ।
यो प्रवृत्ति हेर्दा अमेरिकी राष्ट्रपतीय प्रणालीजस्तो देखिए पनि नेपालको संसदीय अभ्यासमा यस्ता चुनावी वाचाहरू सत्ताको अंकगणित मिल्नासाथ फेरिने डर सधैं रहन्छ।
२०५६ को त्यो धोका - एउटा ऐतिहासिक पाठ : चुनावअघि एउटा अनुहार देखाउने र जितेपछि अर्कैलाई सत्ता सुम्पिने खेल बुझ्न २०५६ सालको निर्वाचनलाई हेर्नुपर्छ। त्यतिबेला कांग्रेसभित्र गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईबीच तीव्र विवाद थियो। जनमत आफ्नो पक्षमा पार्न कोइरालाले एउटा चतुर रणनीति अपनाए। उनले कांग्रेसले बहुमत ल्यायो भने सन्त नेता कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बन्ने घोषणा गरे।

भट्टराईको स्वच्छ छवि र इमानदारीका कारण जनताले कांग्रेसलाई स्पष्ट बहुमत दिए। तर, चुनावी नतिजा आएको १० महिना पनि नबित्दै कोइरालाले पार्टीभित्र घेराबन्दी गरेर भट्टराईलाई राजीनामा दिन बाध्य पारे। कूटनीतिक मर्यादाअनुसार राजकीय भ्रमणको फ्रान्सको निम्तो मान्न जाने अवसरसमेत नदिएर कोइरालाले भट्टराईलाई सत्ताच्युत गरे। संसद्मा आँसु पुछ्दै भट्टराईले दिएको राजीनामा नेपालको संसदीय इतिहासमा अन्तर्घातको सबैभन्दा ठूलो उदाहरण बनेको छ।
२०८२ को सन्दर्भ - नयाँ अनुहार, पुरानै जोखिम : अहिलेको परिस्थिति २०५६ सालको भन्दा भिन्न तर थप चुनौतीपूर्ण छ। २०८१ को जनविद्रोह र 'जेन-जी' पुस्ताको बढ्दो राजनीतिक हस्तक्षेपका कारण दलहरूले नयाँ अनुहार अघि सार्न बाध्य भएका छन्। तर, नेपालको संविधान २०७२ को संरचना नै कुनै पनि एक दलले बहुमत ल्याउन कठिन हुने खालको छ। ४० प्रतिशत समानुपातिक सिट हुने प्रणालीमा गठबन्धन अनिवार्य जस्तै छ। यस्तोमा चुनावअघि घोषणा गरिएका प्रधानमन्त्रीका उम्मेदवारहरू निर्वाचनपछि दुईवटा ठूला जोखिममा पर्छन्। पहिलो हो, गठबन्धनको दबाब।
यदि कुनै दल ठूलो भए पनि बहुमत ल्याउन सकेन भने साना दलहरूले सत्ता साझेदारीका लागि 'सर्त' राख्न सक्छन्। उनीहरूले भन्न सक्छन्, ' हामी सरकारमा आउँछौं तर तपाईंले अघि सारेको व्यक्तिलाई प्रधानमन्त्री स्वीकार्दैनौं।' यस्तो अवस्थामा सत्ताका लागि पार्टी नेतृत्वले सजिलै आफ्नो भावी प्रधानमन्त्रीलाई किनारा लगाउन सक्छ। दोस्रो खेल हो, आन्तरिक खिचातानी। जसरी कोइरालाले भट्टराईलाई केवल भोट तान्ने माध्यम बनाएका थिए, अहिलेका स्थापित नेताहरूले पनि बालेन र गगन युवा अनुहारलाई चुनावी 'पोस्टर ब्वाई' मात्र बनाउने खतरा छ।
उत्तरदायित्वको प्रश्न : चुनावअघि प्रधानमन्त्रीको उम्मेदवार प्रस्तुत गर्दा दलले जनतासँग एउटा करार गरेको हुन्छ। यदि जनताले गगन थापा वा बालेन साहको भिजन देखेर भोट दिएका हुन् भने चुनावपछि उनीहरूलाई हटाएर पुरानै नेताहरू सत्तामा आउनु भनेको मतदातामाथिको धोका हो। विशेषगरी, रास्वपा जस्ता नयाँ दलहरूका लागि यो झन् ठूलो परीक्षा हो। उनीहरूले पुरानालाई बदल्ने नारा दिएर राजनीतिमा आएका हुन्। यदि उनीहरूले पनि सत्ताको खेलमा आफ्ना उम्मेदवारलाई सौदाबाजी गरे भने, उनीहरूको राजनीतिक भविष्य संकटमा पर्न सक्छ।देउवाको मौनता : कांग्रेसभित्र शेरबहादुर देउवाको मौनता सबैभन्दा अर्थपूर्ण छ। उनले गगन थापालाई 'फेस' बनाउन त दिनेछन् तर शक्ति हस्तान्तरणको साँचो भने आफ्नै गोजीमा राख्नेछन्। २०५६ मा गिरिजाप्रसादले किशुनजीलाई जसरी प्रयोग गरे २०८२ मा देउवाले त्यही अस्त्र प्रयोग गर्ने प्रबल सम्भावना छ। गगन थापाले 'प्रधानमन्त्रीको उम्मेदवार हुँ' भन्दैगर्दा देउवा पक्षले पर्दा पछाडिबाट ' गठबन्धनको सरकारमा गगन सम्भव छैन' भन्ने भाष्य तयार पारिसकेका हुनेछन्। के गगनले यो चक्रव्यूह तोड्लान् ?
केपी ओलीलाई फलामको चिउरा : नेकपा (एमाले)ले केपी शर्मा ओलीलाई नै प्रधानमन्त्रीको एकल उम्मेदवार घोषणा गरेको छ। ओलीको रणनीति कांग्रेसको भन्दा फरक छ।
उनले आफूलाई 'स्थिरताको संवाहक'का रूपमा प्रस्तुत गरिरहेका छन्। तर, ७० वर्ष पार गरिसकेका ओलीका लागि २०८२ को युवा विद्रोहपछिको जनमत सम्हाल्नु फलामको चिउरा चपाउनुसरह छ।

बालेन साह, 'सिस्टम' भत्काउने कि 'सिस्टम' मा छिर्ने ? : काठमाडौंका पूर्वमेयर बालेन साह अहिलेको निर्वाचनका सबैभन्दा ठूला 'एक्स-फ्याक्टर' हुन्। बालेनसँग 'जेन-जी' र निराश सहरी मतदाताको ठूलो साथ छ। तर, उनलाई प्रस्तुत गर्ने रास्वपाका लागि चुनौती भनेको 'संसदीय अंकगणित' नै हो। यदि, रास्वपाको पक्षमा निर्णायक सिट आएन भने बालेनलाई प्रधानमन्त्री बनाउनका लागि रास्वपा पुराना दलसँग सम्झौता गर्छन् ? यदि गरेनन् भने, उनी केवल एक 'प्रतिपक्षी' अनुहारमा सीमित हुनेछन्।
२०८२ को चुनौती - नयाँ बोतलमा पुरानै रक्सी ? : गगन थापा वा बालेन साहको नाम लिँदै गर्दा मतदाताले २०५६ को त्यो इतिहास बिर्सेका छैनन्। अहिलेको निर्वाचन प्रणाली (मिश्रित निर्वाचन प्रणाली) झन् जटिल छ। कुनै पनि दलले स्पष्ट बहुमत ल्याउने सम्भावना न्यून भएको अवस्थामा, चुनावअघि घोषित प्रधानमन्त्रीको उम्मेदवार 'पोस्ट-इलेक्सन बार्गेनिङ' (निर्वाचन पछिको लेनदेन) को सिकार हुने निश्चित छ।
यदि, कांग्रेसले गगनलाई अघि सार्छ तर सरकार बनाउन माओवादी वा अन्य दलको बैसाखी चाहिन्छ भने ती दलले थापालाई स्वीकार नगर्न सक्छन्। सत्ता प्राप्तिका लागि देउवा वा ओलीजस्ता चतुर खेलाडीले 'घोषित उम्मेदवार'लाई बलि चढाउन एक मिनेट पनि ढिला गर्ने छैनन्। पार्टीभित्रका दोस्रो र तेस्रो तहका नेताहरू, जसले आफैंलाई भावी प्रधानमन्त्री देखिरहेका छन्, उनीहरूले घोषित उम्मेदवारलाई सफल हुन दिने छैनन्। चुनावी प्रचारमा एउटै मञ्चमा देखिए पनि भित्री रूपमा 'अन्तरघात'को खतरा उत्तिकै रहन्छ।

'जेन-जी' विद्रोह र मतदाताको सचेतता : २०८२ को 'जेन-जी' विद्रोहपछि नेपाली मतदाता, विशेषगरी युवा पुस्ता पहिलेभन्दा निकै सचेत भएका छन्। उनीहरूले अब केवल अनुहार हेरेर भोट दिने छैनन्, बरु त्यो अनुहारलाई सत्तासम्म पुर्‍याउने ग्यारेन्टी खोजिरहेका छन्। यदि, बालेन वा गगनको नाममा भोट लिएर फेरि पुरानै अनुहार सिंहदरबार छिर्ने हो भने त्यसले लोकतन्त्रमाथि जनताको विश्वास पूर्ण रूपमा समाप्त पार्नेछ।
निष्कर्ष : २०८२ को निर्वाचनले नेपालमा स्थिरता ल्याउने अवसर दिएको छ। यदि दलहरूले प्रधानमन्त्रीको उम्मेदवारलाई केवल भोट तान्ने चारोको रूपमा मात्र प्रयोग गरे भने यसले लोकतन्त्रप्रति जनताको वितृष्णा झनै बढाउनेछ। २०५६ सालमा किशुनजीले भोगेको नियति फेरि दोहोरिन्छ कि यसपालि जनमतको सम्मान हुन्छ ?
यो प्रश्नको उत्तर चुनावपछिको सत्ता समीकरणले नै दिनेछ। नेपालमा चुनाव जित्नु एउटा कुरा हो, तर जनतालाई दिएको वचन टिकाउनु अर्कै चुनौती हो।
नेपालमा प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नु सकारात्मक अभ्यास हो, यदि त्यसले जवाफदेहिता बोक्छ भने।
तर, हाम्रो इतिहास धोकाले भरिएको छ। निर्वाचनअघि एउटा अनुहारलाई 'सेल्सम्यान' बनाएर सामान बेच्ने र डेलिभरीको बेला अर्कै सामान पठाउने प्रवृत्तिले मुलुकलाई अस्थिरतातर्फ मात्र धकेल्छ। अपूबाट

# टुटेको जनविश्वास कांग्रेसले मात्रै जोड्न सक्छ–शर्मा

बिर्तामोड, माघ १९ । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले जेनजी विद्रोहपछि टुटेको जनविश्वासलाई जोड्ने तागत कांग्रेसमा मात्रै रहेको बताएका छन् ।नेपाली कांग्रेस झापा चुनाव प्रचार समिति क्षेत्र नम्बर-२ को आयोजनामा बिर्तामोडमा आयोजित बृहत कार्यकर्ता भेलालाई सम्बोधन गर्दै युवा नेता शर्माले जेनजीले उठाएको माग सम्बोधन गर्ने क्षमता कांग्रेसमा नै रहेको दावी गरेका हुन् । फरक विचार राख्ने तर परिवर्तन भएर आउने शक्तिको अस्तित्व समेतलाई स्वीकार गरेर परिवर्तित सन्दर्भको नेतृत्व २००७ सालदेखि संविधान घोषणासम्म कांग्रेसले गरेको उदाहरण प्रस्तुत गर्दै उनले पार्टी बदलेर देश बदल्ने संकल्पसहित कांग्रेस अघि बढेको बताए ।

'कांग्रेस बद्लिएर आफैंबाट नेतृत्व र नीति परिवर्तन गरेर निर्वाचनमा होमिएको छ'-नेता शर्माले भने-'हामी त्यसै आएका छैनौ दुरदराजका सबै क्षेत्र घुमेर त्यसको विकासका लागि योजनासहित लिएर आएका छौं ।' विशेष महाधिवेशनको चर्चा गर्दै उनले पार्टीमा परिवर्तन चाहने र नचाहने भनेर ब्यर्थको बहस नगर्न कार्यकर्तालाई सुझाव दिँदै एकढिक्का भएर मतपरिणाम आफ्नो पक्षमा पार्ने कार्यमा खटिन आह्वान गरे ।

'पटक-पटक नेतृत्व गरेको र पहिलोचोटी देशको नेतृत्व गर्छु भनेर आएका भावी प्रधानमन्त्रीका आकांक्षीभन्दा नेपाली कांग्रेसले अघि सारेका प्रधानमन्त्रीका उम्मेद्वार गगनकुमार थापा हरेक हिसावले अब्बल




हुनुहुन्छ'-नेता शर्माले भने-' आफू परिवर्तित हुन नचाहनेले देशको परिवर्तन गर्न सक्दैन, पार्टीमा पाहुना गएकाले पनि नेतृत्व गर्न सक्दैन ।'

नेपाली कांग्रेसले यसपटक १०६ वटा निर्वाचन क्षेत्रमा नयाँ अनुहारलाई उम्मेद्वार बनाएको बताउँदै उनले विगतको तुलनामा दोब्बर संख्यामा महिला उम्मेद्वार बनाएपछि कार्यकर्तामा उत्साह बढेको धारणा राखे । जेनजी आन्दोलनका क्रममा २३ गते सरकारबाट र २४ गते जेनजीका नाममा घुसपैठ भएर भएका अप्रिय घटनाको निष्पक्ष छानविन जरुरी रहेको उनको भनाई थियो ।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टी परिवर्तन भएको अब परिवर्तनको आभास दिने काम जनताको भएको बताउँदै उम्मेद्वार छनौटमा देखिएको परिपक्वताले चाहँदा पार्टीभित्र र आफैंभित्र परिवर्तन सम्भव रहेको धारणा राखे ।

कार्यक्रममा नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले नेतृत्व परिवर्तनसँगै पार्टीको तर्फबाट भावी प्रधानमन्त्रीमा गगन थापालाई अघि सारेपछि मतदातामा उत्साह देखिएको बताउँदै निर्वाचनपछि नेपाली कांग्रेस ठूलो पार्टी हुने विश्वास ब्यक्त गरे ।

कार्यक्रममा झापा क्षेत्र नम्बर-२ का उम्मेद्वार सरिता प्रसाईले संविधानसभा निर्वाचनदेखि हालसम्म आफूले पाएको जिम्मेवारी पूर्णरुपमा निर्वाह गरेको बताउँदै संविधानमार्फत ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिएको, आमाको नामबाट नागरिकता प्राप्त गर्ने कानून बनाएको, भ्रष्टाचारीलाई जुनसुकै बेला मुद्दा चलाउन सकिने विधेयक ल्याएको, कृषि राज्यमन्त्री भएको बेला झापामा सुपारी जोन, रबर जोन कार्यक्रम ल्याएको उदाहरण प्रस्तुत गरिन् । अलैची खेती विकासका लागि रणनीति तयार पार्दापार्दै सरकारबाट हट्नुपरेकाले योजना अनुसार काम गर्न नसकेको उनको भनाइ थियो ।

उनले शिक्षा नीति, विकास निर्माण, भ्रष्टाचार मुक्त समाज निर्माण गर्दै नीतिगत सुधार गर्न मिश्रित परिणामले असम्भव हुने बताउँदै कांग्रेसलाई सरकार गठनका लागि सुविधायुक्त बहुमत दिन पनि मतदातामा अपिल गरिन् ।

कार्यक्रममा समानुपातितर्फका उम्मेद्वार उमा शिवाकोटीले सबैको भावना अनुसार काम गर्ने प्रतिबद्धता जनाउँदै देश बदल्ने कांग्रेस पार्टीको संकल्पमा साथ दिँदै पार्टीलाई अत्यधिक बहुमतका साथ विजयी गराउन मतदातामा आह्वान गरिन् ।

समानुपातिक उम्मेद्वार मनुमाया विश्वकर्माले परिवर्तनको बेग कसैले रोक्न नसक्ने बताउँदै परिवर्तित भएर आएको कांग्रेसलाई जनविश्वास प्राप्त हुने धारणा राखिन् ।

नेपाली कांग्रेस झापा क्षेत्र नम्बर-२ का सभापति खगेन्द्र मैनालीले निर्वाचन परिचालन एवं प्रचार-प्रसारका विषयमा भए-गरेका कामहरुको विवरण प्रस्तुत गरेको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सुरेश सुब्बा, नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति शेरबहादुर भट्टराईलगायत महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, जिल्ला समितिका पदाधिकारी, सदस्य, भ्रातृ तथा शुभेच्छुक संस्थाका पदाधिकारी, सदस्य क्षेत्रीय प्रतिनिधि एवं क्रियाशील सदस्यहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन क्षेत्रीय सचिव चन्द्र चुडालले गरेका थिए । कार्यक्रममा परिवर्तनले ओतप्रोत भएको 'हेर न शहीदहरुलाई...' बोलको गीत सन्तोष रायमाझीले प्रस्तुत गरेका थिए ।

# इनड्राइभद्वारा आवश्यक सुरक्षा सुझाव प्रस्तुत

काठमाडौं ।नेपालका प्रमुख शहरी क्षेत्रहरूमा राइड-हेलिङ सेवाको प्रयोग तीव्र गतिमा बढ्दै गएको सन्दर्भमा, विश्वव्यापी मोबिलिटी तथा अर्बन सेवा प्लेटफर्म इनड्राइभले यात्रु सुरक्षाप्रतिको आफ्नो प्रतिबद्धतालाई थप मजबुत बनाएको छ । प्रयोगकर्तालाई केन्द्रमा राख्ने आफ्नो मूल सिद्धान्त छनोटको स्वतन्त्रतालाई निरन्तर कायम राख्दै, इनड्राइभले इन-एप सुरक्षा सुविधाहरू र निरन्तर जनचेतनामूलक पहलमार्फत यात्रुहरूलाई सुरक्षित, विश्वसनीय र सूचित यात्राका लागि आवश्यक मार्गदर्शन प्रदान गर्दै आएको छ।

इनड्राइभका सुरक्षा उपायहरू यात्राअघि, यात्राका क्रममा र यात्रा सम्पन्न भएपछि समेत लागू हुने गरी डिजाइन गरिएका छन्, जसले प्रयोगकर्तालाई प्रत्येक चरणमा सचेत निर्णय लिन सक्षम बनाउँदै यात्रालाई थप पारदर्शी र सुरक्षित बनाउँछ।

### यात्राअघि सुरक्षा

यात्रा सुरु गर्नुअघि, इनड्राइभले प्रयोगकर्ताहरूलाई एपभित्र उपलब्ध चालक सम्बन्धी विवरण चालकको नाम, फोटो, सवारी साधनको विवरण तथा नम्बर प्लेट–सावधानीपूर्वक समीक्षा गर्न प्रोत्साहित गर्छ। यसका साथै, यात्रुहरूले आफ्ना यात्रा विवरणहरू परिवारका सदस्य वा विश्वसनीय व्यक्तिसँग सेयर गर्न सक्ने सुविधा पनि उपलब्ध छ, जसले तेस्रो पक्षलाई रियल-टाइममा यात्राको अवस्थाबारे जानकारी दिन मद्दत गर्छ। यी सुविधाहरूले यात्रुहरूलाई आफ्नो यात्राको योजना बनाउँदा सुरक्षित र स्वतन्त्र छनोट गर्न सशक्त बनाउँछन् ।

**यात्राका क्रममा सुरक्षा**

यात्राका क्रममा, इनड्राइभको लाइभलोकेशन ट्र्याकिङ सुविधामार्फत यात्रुहरूले आफ्नो अवस्थाबारे निरन्तर जानकारी सेयर गर्न सक्छन्, जसले पारदर्शिता र विश्वास कायम राख्न सहयोग पुर्याउँछ । प्रयोगकर्ताको गोपनीयतालाई उच्च प्राथमिकता दिँदै, इनड्राइभले मास्क्ड कलफिचर उपलब्ध गराएको छ, जसले यात्रु र चालकबीच व्यक्तिगत फोन नम्बर नखुलाइकन सुरक्षित सम्पर्क सम्भव बनाउँछ।

कुनै असहज अवस्था वा आपतकालीन परिस्थितिमा, इन-एपएसओएस बटन प्रयोग गरी तुरुन्त सहयोग लिन सकिने व्यवस्था गरिएको छ, जसले यात्रुहरूलाई आफ्नो यात्रामाथि थप नियन्त्रण र सुरक्षा प्रदान गर्छ।

### यात्रापछि सुरक्षा

यात्रा सम्पन्न भएपछि, प्रयोगकर्ताहरूलाई चालकलाई रेटिङ दिन र प्रतिक्रिया साझा गर्न प्रोत्साहन गरिन्छ। इनड्राइभको रिपोर्टिङ तथा फिडब्याक प्रणालीमार्फत प्रयोगकर्ताहरूले आफ्नो अनुभव, गुनासो वा सुझाव सहजै दर्तागर्न सक्छन। यसले सेवा सुधार, उत्तरदायित्व अभिवृद्धि तथा यात्रु र चालक दुवैका लागि सुरक्षित र जिम्मेवार समुदाय निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ। इनड्राइभ नेपालकी कन्ट्री रिप्रेजेन्टेटिभ रीता पोखरेलले भनिन्,'नेपालको शहरी मोबिलिटी इकोसिस्टम तीव्र रूपमा विकसित हुँदै गएको अवस्थामा, सुरक्षा र छनोटको स्वतन्त्रता एक-अर्काका पूरक तत्व हुन् । स्पष्ट जानकारी र प्रयोगमैत्री सुरक्षा उपकरणहरूउपलब्ध गराएर, इनड्राइभले प्रयोगकर्ताहरूलाई आफ्नो निर्णयमाथि नियन्त्रण राख्दै आत्मविश्वासका साथ यात्रा गर्न सक्षम बनाइरहेको छ। यी पहलहरूमार्फत, इनड्राइभले पिपुल-सेन्ट्रिक मोबिलिटी इकोसिस्टम निर्माण गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ–जहाँ प्रत्येक यात्रामा सुरक्षा, पारदर्शिता, निष्पक्षता र छनोटको स्वतन्त्रता केन्द्रमा रहन्छ।

# काठमाडौं उपत्यकामा ग्यास अभाव

काठमाडौं उपत्यकामा ग्यास अभाव

काठमाडौं । काठमाडौं उपत्यकामा ग्यासको अभाव देखिएको छ। नेपाल, एभरेस्ट, श्रीलगायतका ग्यास नपाएको उपभोक्ताको गुनासो छ। ग्यासको अभावका बारेमा जानकारी आएपछि अभाव हुन नदिने गरी व्यवस्था मिलाउन नेपाल आयल निगमलाई निर्देशन दिइएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

'बजारमा ग्यासको अभाव भएको जानकारी आएको हो। यस सम्बन्धमा नेपाल आयल निगमलाई मन्त्रालयले अभाव नगराउन निर्देशन दिएको छ। निगमले जाडो याममा अलीअली नपुग भएको जस्तो देखिए पनि अभाव हुन दिन्नौं भनिसकेको छ', मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले भने। यता नेपाल आयल निगम निर्वाचनका कारणले नै ग्यास नभएको बताउँछन्। निगमका उपकार्यकारी निर्देशक नागेन्द्र साह नेपालको निर्वाचनलगायत आन्तरिक कारणभन्दा रिफाइनरी तथा बोटलिङ प्लान्टको नियमित मर्मतका कारण अहिले उपत्यकामा ग्यास अभाव देखिएको बताउँछन्।

नेपालमा मथुरा, बरौनी, हल्दिया, कर्नाल र पारादिपबाट ग्यास आयात हुने गरेको छ। ५८ उद्योगले भारतबाट आयातित एलपीजी नेपालमा वितरण गर्छन्। 'काठमाडौंबाट सबैभन्दा नजिकको रिफाइनरी स्टेसन बरौनी हो, त्यहाँको नियमित मर्मतका कारण भारतको उडिसाको पारादिपबाट ग्यास ल्याउनुपर्ने भयो। त्यहाँबाट ग्यास बुलेटलाई काठमाडौं आउन ७ देखि १० दिन लाग्ने भयो। त्यही बीचमा ग्यास केही अभाव भएको देखिएको हो,' निगमका प्रवक्ता मनोज ठाकुर बताउँछन्। अनावश्यक हल्लाका कारण ग्यास अभाव भनेर आवश्यक नभएको मानिसले पनि होल्ड गरिदिँदा बजारमा ग्यासको थप अभाव देखिएको प्रवक्ता ठाकुरको भनाइ छ।

भारतीय आयल निगमका विभिन्न रिफाइनरी तथा बोटलिङ प्लान्टबाट ग्यास आयातका लागि देशैभरिका उद्योगीहरूलाई निगमले मासिक रूपमा उपलब्ध गराउने परिमाण ४९ हजार ५ सय मेट्रिकटन रहेको छ। सन् २०२५ को नोभेम्बरमा ४७ हजार २ सय ६४ मेट्रिकटन, डिसेम्बरमा ४८ हजार ५ सय ३१ मेट्रिकटन र जनवरी, २०२६ मा ४७ हजार ३ सय ४ मेट्रिकटन ग्यास भारतबाट आयात भएको छ।

अहिलेको मासिक खपत करिब ४६ हजार मेट्रिकटन छ भने दैनिक खपत करिब १५ सय मेट्रिकटन (७०-७५ बुलेट ग्यास) रहेको छ। नेपालमा करिब १ करोड ७० लाख ग्यास सिलिन्डर बिक्री वितरण भइरहेका छन्। आयात र खपतको परिमाणलाई दाँज्दा पनि जाडोयामको माग धान्न पुग्ने परिमाण भएको निगमले जनाएको छ।

हाल बजारमा केही उद्योगको ग्यास सिलिन्डर अभाव देखिएको छ। निगमले ती उद्योगलाई बजारमा सिलिन्डरको आपूर्ति सहज गराई बजार सामान्यकरण गर्न निर्देशन दिई सकिएकाले केही समयभित्रै सामान्यकरण हुने जनाएको छ। बजारमा एलपीजीको हालको अवस्था तथा आसन्न निर्वाचनलाई मध्यनजर गरी निगमले फेब्रुअरी २०२६ का लागि साविकको परिमाणमा २ हजार मेट्रिक टन थप गर्ने निर्णय गरेको छ। अब मासिक ५१ हजार मेट्रिकटन ग्यास आयात हुने छ। सोहीबमोजिम भारतीय आयल निगमका विभिन्न रिफाइनरी तथा बोटलिङ प्लान्टबाट आयात गर्ने गरी जानकारी गराइसकिएको प्रवक्ता ठाकुरले बताए।

# 'तिलस्मी' को शुभमुहूर्त सिंहवाहिनी मन्दिरमा

झापा । नयाँ नेपाली चलचित्र 'तिलस्मी' ले औपचारिक रूपमा यात्रा थालेको छ। चलचित्रको शुभमुहूर्त झापाको हल्दीबारी गाउँपालिका-१, गोलधापस्थित सिंहबाहिनी मन्दिर परिसरमा धार्मिक विधिपूर्वक सम्पन्न गरिएको हो।

मन्दिरको शान्त वातावरणमा कलाकार, निर्माण टिम र शुभेच्छुकको उपस्थितिमा शुभारम्भ गरिएको कार्यक्रमले चलचित्रप्रति उत्साह थपेको देखिन्थ्यो। चलचित्रको कथा तथा निर्देशन तारा अधिकारीको रहेको छ भने पटकथा तथा संवाद बाबुराम निरौलाले लेखेका हुन्। कलाकारितामा महेश खड्का, जान्बी बस्नेत, सुनिसा बजगाईं, रस्मी भट्टलगायतको




सहभागिता रहने निर्माण पक्षले जनाएको छ। चलचित्रका दृश्यहरू झापा, इलाम र काठमाडौंका विभिन्न लोकेसनमा छायाङ्कन गरिने तयारी छ। सुनौलो तारा मोशन पिक्चर्सको ब्यानरमा निर्माण हुन लागेको 'तिलस्मी' ले समाजमा घटिरहेका समसामयिक घटनाहरूलाई कथावस्तुका रूपमा प्रस्तुत गर्ने निर्देशक अधिकारीले बताइन्। उनका अनुसार चलचित्रले केवल मनोरञ्जन मात्र नभई दर्शकलाई सोच्न बाध्य पार्ने विषयवस्तु बोकेको छ।

शुभमूहर्त कार्यक्रममा बोल्दै कलाकारहरू महेश खड्का, जान्बी बस्नेत, सुनिसा बजगाईं, भविष्य कार्की र आरजे सिंहले चलचित्रको कथावस्तु र निर्माण टिमप्रति विश्वास व्यक्त गर्दै 'तिलस्मी' दर्शकको मन जित्नेमा आशावादी रहेको बताए।

उत्साहपूर्ण माहोलबीच सुरु भएको 'तिलस्मी' अब छायाङ्कनतर्फ अघि बढ्दै नेपाली चलचित्र बजारमा नयाँ अपेक्षा बोकेको प्रवेश गर्ने संकेत देखिएको छ।

# टुथपेष्ट, सिंदुर, लिपिस्टिक र गाजलमा अत्यधिक भेटियो घातक लिडको मात्रा

काठमाडौँ । व्यक्तिगत सरसफाइ र सौन्दर्यका लागि दैनिक प्रयोग हुने केही सामग्रीमा अत्यधिक सिसा ( लिड)को मात्रा भेटिएको छ।

जनस्वास्थ्य तथा वातावरण प्रवर्धन केन्द्र (सेपेड)ले लामो समय लगाएर गरेको एक सिम्बोलिक रिसर्चमा मुख/दाँतको सरसफाइका लागि दैनिक प्रयोग हुने टुथपेस्ट तथा सौन्दर्यका लागि प्रयोग गरिने गाजल, सिंदुर, लिपिस्टिक जस्ता सामग्रीमा मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक मानिने लिडको मात्रा अत्यधिक भएको भेटिएको हो।

सेपेडल 'लिड एक्सपोजर एलिमिनेसन प्रोजेक्ट अमेरिका'को प्राविधिक तथा आर्थिक सहयोगमा गरेको उक्त सिम्बोलिक रिसर्चले देशका प्रमुख शहरहरू काठमाडौँ, पोखरा, बिराटनगर र जनकपुरमा अक्टोबरदेखि डिसेम्बर २०२५ सम्म ती चार शहरका खुद्रा पसलबाट १०० नमुना (३१ टुथपेस्ट, ४० सिन्दुर र २९ गाजल) जस्ता सामग्रीहरूको स्याम्पल संकलन गरेर अध्ययन गरेको थियो।

यसरी संकलन गरिएको उक्त स्याम्पलहरूलाई 'एटोमिक एब्जोर्प्सन स्पेक्ट्रोस्कोपी' (एएएस)विधिबाट गरिएको प्रयोगशाला परीक्षणमा ३१ प्रतिशत स्याम्पलमा अत्यधिक लिड भेटिएको हो।

लिड भेटिएका नमुनामध्ये ८७ प्रतिशतले युरोपियन युनियनले तोकेको ०.५ पीपीएम र ७७ प्रतिशतले अमेरिका तथा क्यानडाले निर्धारण गरेको १ पीपीएमको कडा मापदण्ड पार गरेका छन्।

नेपालमा सौन्दर्य सामग्रीका लागि स्वेच्छिकरूपमा तोकिएको १० पीपीएम मापदण्डसमेत ५१ प्रतिशत नमुनाले उल्लङ्घन गरेका छन्।

उत्पादनअनुसार सिन्दुर सबैभन्दा उच्च जोखिमयुक्त देखिएको छ। परीक्षण गरिएका सिन्दुरमध्ये ४० प्रतिशत नमुनामा सिसा भेटिएको छ भने केही नमुनामा १२४ पीपीएमसम्म सिसा पाइएको छ।

टुथपेस्टका ४५ प्रतिशत नमुनामा सिसा भेटिएको छ, जसमा बालबालिकाका लागि भनेर बजारमा उपलब्ध केही ब्रान्डसमेत समावेश छन्।

गाजलमा सिसा भेटिने मात्रा कम भए पनि आँखामा प्रत्यक्ष प्रयोग हुने भएकाले यसको स्वास्थ्य जोखिम उच्च रहेको अध्ययनले जनाएको छ। काठमाडौँ उपत्यकामा सबैभन्दा बढी ९४२.५ प्रतिशत नमुनामा सिसा भेटिएको छ।

अध्ययनले "हर्बल" वा "प्राकृतिक" भनेर बिक्री हुने उत्पादनहरू समेत सिसाबाट सुरक्षित नरहेको तथ्य उक्त रिसर्चले देखाएको छ।

मन्जनमध्ये पेप्सोडेन्ट, कोलगेट, दन्त कान्ति, क्लोज अप, डाबर रेड जस्ता ब्रान्डमा सिसाको मात्रा पाइएको हो। पतञ्जलीको गाजलमा पनि सिसाको मात्रा पाइएको अध्ययनमा प्रतिवेदनमा भनिएको छ।

बालबालिकाहरूको शरीरमा लिडको मात्रा प्रवेश गर्दा बौद्धिक क्षमता (आइक्यू) घट्ने, सिकाइमा समस्या आउने, ध्यान अभाव तथा एडीएचडी जस्ता व्यवहारिक समस्या देखिने र दीर्घकालीनरूपमा अत्यधिक लिडको मात्रा प्रयोग हुँदा दृष्टि र श्रवण क्षमतामा कमी, स्नायु प्रणालीमा असर तथा शैक्षिक उपलब्धि कमजोर हुने जोखिम पनि बढ्ने गर्छ।

गर्भवती र प्रजनन उमेरका महिलामा सिसाको असर झन् गम्भीर स्वास्थ्य

❖ बाँकी पृष्ठ ४ मा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ